# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# जफे, दोलखा

"तामाकोशी गाउँपालिकाको समृद्धिको आधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, जलश्रोत तथा पूर्वाधार"


## वार्षिक समीक्षा बैठक २०८०/८१
## तामाकोशी गाउँपालिका, दोलखा
## मिति २०८१/४/२२ गते

प्रस्तुतकर्ता

(बद्री प्रसाद शर्मा काग्ले)

प्रमुख प्रशासकीय अधिकृत

# संक्षिप्त परिचय



Copyright@MoFALD

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# संक्षिप्त परिचय

बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लाको दक्षिणी भागमा प्रसिद्ध तामाकोशी नदी र खिम्ती खोलाको किनारमा अवस्थित तामाकोशी गाउँपालिका विकास र सम्मृदिको सम्भावनाका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छ । साविकका भिरकोट, झुले, जफे, मालु, शहरे, च्यामा र हाँवा लगायत ७ गाविसहरू मिलेर बनेको यस गाउँपालिकाको उत्तरमा बैतेश्वर गाउँपालिका, दक्षिणमा खिम्ती खोला र रामेछापको गोकुलगंगा गाउँपालिका, पश्चिममा मेलुङ्ग गाउँपालिका र पुर्वमा जिरी नगरपालिका रहेका छन् ।

क्षेत्रफलः १५३.०६ व.कि.मि.

जनसंख्याः १५,१६३ (राष्ट्रिय जनगणना २०७८)

कुल साक्षरता दरः ७४% (राष्ट्रिय जनगणना २०७८)

कुल परिवार संख्याः ४४८५ (राष्ट्रिय जनगणना २०७८)

# चालु आ विनियोजित बजेट र खर्चको प्रगति

## विनियोजित वजेट

| सि नं | वजेट शीर्षक | वजेट रकम |
|---|---|---|
| १ | चालु | ४५९१२०४००। |
| २ | पूँजीगत | २६१२५८०००। |
| ३ | जम्मा | ७२०३७८४००। |

## वजेट खर्च

| सि नं | वजेट शीर्षक | वजेट रकम | खर्च रकम | खर्च प्रगति |
|---|---|---|---|---|
| १ | चालु | ४५९१२०४००। | ३४८५४९४३३।७४ | ७६।०० |
| २ | पूँजीगत | २६१२५८०००। | १७२९४०००। | ६६।१९ |
| ३ | जम्मा | ७२०३७८४००। | ५२१४९०३८९।३६ | ७२।३९ |

# चालु आ व मा कार्यान्वयन भएका प्रमुख योजनाहरु

| सि नं | योजनाको नाम | स्रोत | विनियोजित वजेट | वजेट खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भालुखोला खोलापारी सडक योजना वडा नं ४ | संघीय समानीकरण | २५,००,००० | १९,२८,०६९ | ७७.१२ |
| २ | भिरकोट छौंडे देउराली सडक योजना क्रमागत वडा नं १ | संघीय समपूरक | १,००,००,००० | ४७,२०,३५२ | ४७.२० |
| ३ | मालुखोला डाँडागाउँ फ्यातल छौंडे सडक वडा न ४ | संघीय समपूरक | ५०,००,००० | २७,३९,५११ | ५४.७९ |
| ४ | डाँडागाउँ जोगीगाउँ हुँदै छौंडे सडक तामाकोशी -४ | प्रदेश शसर्त | ३०,००,००० | २१,१३,४४९ | ७०.४५ |
| ५ | डुँडे बाँसबोटे जामुने वडा कार्यालय सडक तामाकोशी -३ | प्रदेश शसर्त | २५,००,००० | १५,०६,६७२ | ६०.२७ |
| ६ | मानेडाँडा छौंडे सडक तामाकोशी -३ | प्रदेश शसर्त | २५,००,००० | १३,७८,१६६ | ५५.१३ |
| | | | | | |

# प्रमुख योजनाहरु क्रमश

| सि नं | योजनाको नाम | स्रोत | विनियोजित वजेट | वजेट खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ७ | जहरेपानी टयाङ्थली खानेपानी योजना तामाकोशी-७ | प्रदेश शसर्त | २०,००,००० | १२,४७,८८६ | ६२.३९ |
| ८ | शहरे लिफ्टिङ खानेपानी योजना विरुवा दोभानबाट शहरेसम्म तामाकोशी-५ | प्रदेश शसर्त | २५,००,००० | १९,०७,५५२ | ७६.३० |
| ९ | जनता स्कूल सेतोपहरा थामदेउराली सडक | प्रदेश समपूरक | १,००,००,००० | ३६,७८,४०४ | ३६.७८ |
| १० | चौतारा काभ्रेपानी हिले राउतगाउँ सडक निर्माण योजना वडा नं २ | प्रदेश समपूरक | १,००,००,००० | ४१,४३,०५० | ४१.४३ |
| ११ | ढाँडे सितापाईला मानेडाँडा छौंडे देउराली सडक स्तरोन्नति योजना वडा नं ३ | सं समानीकरण | २५००००० | १४२८२५८ | ५७.१३ |
| १२ | जफे सभाहल निर्माण योजना वडा नं ३ | आन्तरिक स्रोत | ३७५०००० | १०७४८४५ | २८.६ |
| १३ | खिम्ति गोवर्दनटार कल्लेरी पिपलडाँडा सडक स्तरोन्नति योजना वडा नं ५ | संघीय समानीकरण | १४००००० | ९९९०४२ | ७१.३६ |
| १४ | नैकेगाउँ बतासे,रातु खोला ज्यामिरे झो पु मालु बेरीबाट मेलुङ्ग ७ जोडने झो पु | संघीय ससर्त | ४२,००,००० | १२,९५,३३५ | ३०.८४ |

# १ आ व ०८०/८१ मा सञ्चालित योजना कार्यक्रमको लक्ष्य प्रगति उपलब्धि

आ व ८०/८१ मा सडक खानेपानी सिंचाई भवन मठ मन्दिर गुम्बा संकलन केन्द्र लगायतका पूरवाधार निर्माण मर्मत गरी जम्मा १८१ योजनाहरु कार्यान्वयन भएका थिए। खास गरी १० लाखसम्म लागत अनुमान भएका योजनाहरु जम्मा १६७ उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका थिए भने सोभन्दा बढी लागत अनुमान भएका १४ वटा योजनाहरु बोलपत्रको माध्यमवाट कार्यान्वयन भएका थिए। कार्यान्वयन भएका प्रमुख कार्यहरुको भौतिक परिमाण सहितको प्रगति/उपलब्धि निम्नानुसार रहेको छ ।

## १ सडक पूर्वाधार विस्तार तथा स्तरोन्नती : ७४

| नयाँ ट्र्याक | ग्रभेल | सडक स्तरोन्नती | सडक सोलिङ | प्लम वाल | ग्याविन | मेशनरी वाल |
|---|---|---|---|---|---|---|
| १८२५ मी. | १.२ कि.मि | ३७ वटा | १० कि.मी | २५६३ घ.मी | ८१३०घ.मी | ६७४ घ.मी |

प्रमुख उपलब्धिहरु (Outcomes)

पालिकाभित्रका करिव ५०० घरधुरी र करिव ३००० जनालाई आवतजावत सहज भई जीवनस्तरमा सुधार आएको हुनेछ ।

# सञ्चालित योजना कार्यक्रमको लक्ष्य प्रगति उपलब्धि क्रमश

## २ खानेपानी सरसफाई तथा सिंचाई पूर्वाधारः ५४

| नया ट्यांकी | नयाँ ईनटेक | पाईप लाईन विस्तार | नयाँ धारा | पम्पसेट निर्माण | PPC सिचाई कुलो | ईनटेक मर्मत |
|---|---|---|---|---|---|---|
| १२ वटा | २७ वटा | १०००० मी | ३३५ वटा | १ वटा | ६३३ मी | ५ वटा |

## ३ भवन तथा अन्य संरचनाः ५३

| नयाँ कार्यालय भवन | अन्य भवन तथा शौचालय | मन्दिर गुम्बा तथा चर्च | प्रतिक्षालय | RCC ट्रायल व्रिज | प्रवेश द्वार |
|---|---|---|---|---|---|
| २ वटा | ३४ वटा | ८ वटा | ४ वटा | ४ वटा | १वटा |

प्रमुख उपलब्धिहरु (Outcomes)

खानेपानीवाट जम्मा ५०० घर धुरीका २४०० जना लाभान्वित भएका छन । भवन तर्फ १० शैयाको आधारभूत अस्पतालको निर्माण करिव ८० प्रतिशत कार्य सम्पन्न भएको र जफे सभाहल निर्माणको अन्तिम चरणमा रहेको छ । यी सबैवाट सम्पूण पालिका तथा वडावासी जनताको स्वास्थ्य लागायत समग्र जीवनस्तरमा सुधार आएको हुनेछ ।

## ४ कृषि तथा पशुपालन तर्फ

| सि नं | कार्यक्रम | उपलब्धि (Outcomes) |
|---|---|---|
| १ | किसान सूचीकरण कार्यक्रम | ३२९३ किसान प्रणालीमा आवद्ध भएका । |
| २ | किवी पकेट जोन (लागत साझेदारी) | ६०० वटा किवीका वेर्ना वितरण |
| ३ | कृषि प्रवर्द्धन कार्यक्रम (लागत साझेदारी) | २१ कृषक समुह लाभान्बित |
| ४ | फलफूल प्रवर्दन कार्यक्रम लागत साझेदारी | १३ कृषक समुह लाभान्बित ३०० फलफूलका वेर्ना वितरण |

| सि नं | कार्यक्रम | उपलब्धि (Outcomes) |
|---|---|---|
| १ | पशु प्रवर्दन कार्यक्रम (लागत साझेदारी) | ४५ वटा उन्नत जातका गाई/भैंसी वितरण |
| २ | १०० प्रतिशत वोयर वोका/भेडाको थुमा (लागत साझेदारी) | ३ /२ वोका/भेडाको थुमा |
| ३ | माछा प्रवर्दन कार्यक्रम (लागत साझेदारी) | ७५०० माछाका भुरा वितरण |
| ४ | हेफर प्रोजेक्ट नेपाल मार्फत | ९१ वटा आधुनिक खोर गोठ निर्माण र ५० वटा वोयर वोका वितरण |

# प्रगति उपलब्धि क्रमश

## ५ शिक्षा क्षेत्रका उल्लेख्य कार्यहरु

- सबै उमेर समुहका विधार्थी, विधालय कर्मचारी तथा शिक्षकसमेतलाई शिक्षण सिकाईप्रति समर्पित हुन प्रोत्साहन स्वरुप दिवा खाजाको व्यवस्था गरिएको छ ।
- विध्यालयमा विधार्थीको निरन्तरताको लागि विधार्थी शैक्षिक वचत योजना लागू गरिएकोछ ।

## ६ स्वास्थ्य तर्फका उल्लेख्य कार्यहरु

- तामाकोशी गाउँपालिकावासीलाई काठमाडौं र भक्तपुरका अस्पतालहरुमा उपचाररत अवस्थामा रगतको आवश्यकता भएमा निशुल्क उपलब्ध गराउने सम्बन्धमा नेपाल रेडक्रस सोसाईटी दोलखा शाखा र गाउँपालिकाबीच MoU भएको ।
- तामाकोशी गाउँपालिका वडा नं ४ स्थित स्वास्थ्य चौकीलाई ५ शैयाको अस्पतालमा स्तरोन्नति गरिएको र उक्त अस्पताललाई स्वास्थ्य विमाको पहिलो विन्दुको रुपमा विकास गरी स्वास्थ्य वीमाको तयारी ।

# ४ चालु आ.व. का योजना तथा कार्यक्रमको कार्यान्वयन योजना

| सि नं | कार्यक्रम/क्रियाकलाप | महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | कै |
| १ | योजनाहरुको सर्भे ड्रईङ डिजाईन लागत अनुमान तयार गर्ने | | | | | | | | | | | | | |
| २ | १० लाखभन्दा कम लागत अनुमान भएका योजनाहरुको उपभोक्ता समिति गठन गर्ने | | | | | | | | | | | | | |
| ३ | उपभोक्ता समितिलाई तालिम | | | | | | | | | | | | | |
| ४ | उपभोक्ता समितिसँग कार्य सम्झौता | | | | | | | | | | | | | |

स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत,सम्बन्धित शाखा प्रमुखहरु र सम्बन्धित वडा कार्यालयहरु प्रमुखरुपमा जिम्मेवार हुनेछन । कार्यान्वयनको सुपरीवेक्षण गर्ने जिम्मेवारी व्यक्तिगत रुपमा गाउँपालिका अध्यक्ष उपाध्यक्ष र सामुहिक रुपमा गाउँ कार्यपालिकाको हुनेछ ।उल्लिखित कार्यतालिकाका अवस्था परिस्थिति अनुसार संशोधन गर्नु पर्ने भए गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

# कार्यक्रम कार्यान्वयन योजना

| सि नं | कार्यक्रम/क्रियाकलाप | महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | कै |
| ५ | बोलपत्रमार्फत कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन र मुल्याङकन | | | | | | | | | | | | | |
| ६ | बोलपत्रमार्फतका योजना हरुको सम्झौता कार्यान्वयन र निरन्तर सुपरीवेक्षण | | | | | | | | | | | | | |
| ७ | चौमासिक प्रगति प्रतिवेदन | | | | | | | | | | | | | |
| ८ | क्रमागत योजनाहरु सम्पन्न गर्ने | | | | | | | | | | | | | |

स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत,सम्बन्धित शाखा प्रमुखहरु र सम्बन्धित वडा कार्यालयहरु प्रमुखरुपमा जिम्मेवार हुनेछन । कार्यान्वयनको सुपरीवेक्षण गर्ने जिम्मेवारी व्यक्तिगत रुपमा गाउँपालिका अध्यक्ष उपाध्यक्ष र सामुहिक रुपमा गाउँ कार्यपालिकाको हुनेछ ।उल्लिखित कार्यतालिकाका अवस्था परिस्थिति अनुसार संशोधन गर्नु पर्ने भए गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

# कार्यक्रम कार्यान्वयन योजना

| सि नं | कार्यक्रम/क्रियाकलाप | महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फागुन | चैत्र | बैसाख | जेठ | असार | कै |
| ९ | चालु योजनाहरु सम्पन्न गर्ने | | | | | | | | | | | | | |
| १० | बाँकी योजनाहरु अनुगमन मूल्याङ्कन र भुक्तानी सम्पन्न गर्ने | | | | | | | | | | | | | |
| ११ | आगामी वर्षको योजना कार्यक्रम तथा वजेट तर्जुमा | | | | | | | | | | | | | |

स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत,सम्बन्धित शाखा प्रमुखहरु र सम्बन्धित वडा कार्यालयहरु प्रमुखरुपमा जिम्मेवार हुनेछन । कार्यान्वयनको सुपरीवेक्षण गर्ने जिम्मेवारी व्यक्तिगत रुपमा गाउँपालिका अध्यक्ष उपाध्यक्ष र सामुहिक रुपमा गाउँ कार्यपालिकाको हुनेछ ।उल्लिखित कार्यतालिकाका अवस्था परिस्थिति अनुसार संशोधन गर्नु पर्ने भए गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

# २ आ व ८०।८१ का योजना कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या चुनौतीहरु

योजना कार्यान्वयनका समस्या चुनौतीहरु तहगतरुपमा फरक फरक रहेको पाईन्छ। स्थानीय तहमा अझ व्यापक समस्या चुनौतीहरु छन। मूलभूत रुपमा रहेका समस्या चुनौतीहरु जसलाई महालेखा परीक्षकको विभिन्न प्रतिवेदनहरुले पनि औंल्याएका छन । सबैलाई आधार मानी बूँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१ आवश्यकताको पहिचान तथा छनोट
२ जग्गा प्राप्ति र क्षतिपूर्ति
३ सम्भाव्यता अध्ययन/डि पि आर
४ डिजाईन ईस्टिमेट
५ वातावरणीय अध्ययनको पक्ष
६ वजेट सुनिश्चितता
७ खरिद विधि मोडालिटी
८ जिम्मेवारी पालना र व्यवस्थापकीय कौशल
९ मूल्य समायोजन / भेरिएशन
१० म्याद थप
११ समय र लागत बृद्धि
१२ समन्वय सहकार्य
१३ गुणस्तर नियन्त्रण
१४ अनुगमन र मुल्याङ्कन

# समस्या चुनौतीहरु

- जनताका आवश्यकता र मागको अध्ययन नगरी 'टप टु बटम' मोडलमा योजना छनोट गरिन्छ ।
- योजनाको विश्लेषण नगरी बजेट विनियोजन हुने 'ब्ल्याक बक्स' मोडेल अनुरूप आयोजनाहरू छनोट गर्नु
- सर्वप्रथम जग्गा प्राप्ति, साइट क्लियरेन्स, वातावरणीय अध्ययन नगरी लगानीको मोडालिटी तयार गरी योजना कार्यान्वयनमा लैजाने परिपाटी हुनु ।
- कागजी बजेट सुनिश्चितताको आधारमा स्रोतहरू यकिन नगरी ठेक्का सम्झौता हुने कारण भुक्तानीमा समस्या आउनु ।
- विकास प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास र नैतिक रूपान्तरणको आवश्यकता छ ।

# समस्या चुनौतीहरु क्रमश

- विकासका नीतिगत र संस्थागत अवरोध नहटाई योजना छनोट र बजेट विनियोजन गरेपछि विकास स्वतःहुन्छ भन्ने मनोविज्ञान ।
- संघ, प्रदेश र स्थानीय तह समन्वय र अन्तरसम्बन्ध ऐन, २०७७ को दफा ४ (१) ले साझा अधिकारमध्ये एक भन्दा बढी प्रदेश र तह समेट्ने आयोजनाहरू मात्र संघमा राख्ने भनेको छ, तर टोलमा १ लाखसम्मका योजनासमेत संघ र प्रदेशबाट सञ्चालित भइरहेका छन्। केन्द्रीकृत सोच र मानसिकता नै पुँजीगत खर्च गर्न नसक्ने मूल कारक बन्न पुगेको छ ।
- गुणस्तर परीक्षणको लागि प्रयोगशाला सहितको आधुनिक निर्माण उपकरण प्रयोग नहुनु ।जटिल प्राविधिक काममा दक्ष जनशक्तिको कमी छ ।
- निर्माण व्यवसायीमा ठेक्का अगोट्ने प्रवृत्ति छ,जसले गर्दा तोकिएको समय लागत र गुणस्तरमा निर्माण सम्पन्न हुन सकेको छैन ।
- समपुरक योजनाको ठेक्का लाग्दा अत्यन्त न्यून रकममा ठेक्का लाग्ने र ठेक्का पश्चातको बाँकि रकम तत्तत् निकायमा फिर्ता जान्छ । तर योजना सम्पन्न हुन नसकेको खण्डमा खरिद ऐन बमोजिम म्यादथप गर्नुपर्छ।यस प्रकार थपिएको समयमा सम्पन्न कामको भुक्तानी गर्ने दायित्व गाउँपालिकाको मात्र हुने हुँदा गाउँपालिका लाई साझेदारीको अपेक्षित लाभ प्राप्त हुन सकेको छैन ।

# समस्या चुनौतीहरु क्रमश

- सार्वजनिक खरिद अनुगमन कार्यालयले समयसापेक्ष खरिदसम्बन्धी, खरिद विधि मापदण्ड, प्राविधिक निर्देशिका तयार नगर्नु ।
- बजेट निकासा, सोधभर्ना समयमा नहुनु आर्थिक वर्षको अन्त्यमा बजेट कटौति हुनु ।
- नुनदेखि सुनसम्म, सामान्य सिंचाई कुलोदेखि भूमीगत टनेलसम्म एउटै खरिद विधि र प्रक्रिया लागु हुनु ।
- घाटा बजेटलाई बाञ्छित सीममा राख्न नसक्दा र उत्पादनशील क्षेत्रमा प्रवाह नहुँदा यसको सकारात्मक प्रभाव परेको छैन ।
- अनुगमन र मूल्याङ्कन दण्ड र पुरस्कार प्रणाली प्रभावकारी हुन सकेको छैन ।

# ३ समाधानका उपायहरु

- उल्लिखित समस्या समाधान गर्न नीतिगत, कानुनी र संरचनागत पक्षमा सुधारा गर्नु पर्छ
- विश्वसनीय योजना बैङ्क निर्माण गरेर सम्भाव्यता अध्ययन, डिपिआर निर्माण तथा साइट क्लियरेन्स पश्चात ठेक्कापट्टा र योजना निर्माण सुरु गर्ने व्यवस्था गर्नु पर्छ ।
- योजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न पदाधिकारी एवं ठेकेदार र परामर्शदातालाई तोकिएको जिम्मेवारीप्रति उत्तरदायी बनाउनु पर्छ ।
- केन्द्रले साना तथा मझौला आयोजनाहरू स्थानीय तह र प्रदेशमा हस्तान्तरण गर्दै केन्द्रीकृत सोचवाट मुक्त हुने हो भने आगामी दिनमा पुँजीगत खर्च बढ्न सक्छ । प्रक्रिया र पद्धतिका मसिना कुरा केलाएर अप्ठ्यारा नसुल्झाएसम्म विकासको अवरोध कायम नै रहन्छ ।

# समाधानका उपायहरु

- निर्माण व्यवसायीले समयमा काम अगाडि नबढाए, बिचमै छोडे वा कुनै किसिमले ठेक्का तोड्नु परेमा उसले गरेको कामको मूल्याङ्कन गरी क्षतिपूर्ति भराई बाँकी भुक्तानी दिने बाँकी कामको हकमा सोही बाँकी ठेक्का रकममा नेपाल राष्ट्र बैङ्कले प्रकाशन गर्ने वार्षिक राष्ट्रिय मूल्यवृद्धि सूचकाङ्क अनुसार वृद्धि गरी दोस्रो कम ठेक्का कबोल गर्ने ठेकेदार वा त्यसले नचाहेमा तेस्रोलाई दिने व्यवस्था गर्ने र मूल्यवृद्धिबाट बढ्ने रकम ठेक्का तोडिने ठेकेदारसँग क्षतिपूर्तिका रूपमा असुलउपर गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- सवारीसाधन, कार्यालयका सामान, जग्गा, सफ्टवेयर जस्ता स्थिर सम्पत्ति र सामग्रीको खरिदबाट पुँजीगत खर्च वृद्धि भएको मान्ने मान्यताबाट बाहिर आउनु पर्छ ।
- खरिद कानुन संशोधन गरी सबै वस्तु तथा सेवा र निर्माणको खरिद प्रणाली एउटै नगराई अहिले देखिएका समस्यालाई ध्यानमा राखी फरक फरक किसिमको प्रक्रिया र विधि अपनाउन सक्ने गरी निर्देशिका, मापदण्ड आदिको उचित प्रबन्ध गर्नु पर्छ ।
- विकास प्रशासनका कर्मचारीलाई जवाफदेही र परिणाममुखी बनाउन सेवासुविधा तथा वृत्ति विकासलाई कार्य सम्पादन करार र परिणामसँग जोड्ने प्रणालीको विकास गर्नु पर्छ ।

# केही तस्विरहरु



निर्माणधीन १० शैयाको आधारभूत अस्पताल तामाकोशी ५ मालु

# केही तस्विरहरु




पालिकास्तरीय विपद् व्यवस्थापन तालिम



पालिकास्तरीय विपद् व्यवस्थापन समितिको बैठक

# केही तस्विरहरु





खाने पानी तर्फका धारा निर्माण कार्य

# केही तस्विरहरु





सडक ढलान तथा नाली निर्माण कार्य

# केही तस्विरहरु





सडक ढलान कार्य

# केही तस्विरहरु






सडक सोलिङ कार्य

# केही तस्विरहरु





धार्मिक स्थल चारधाम मन्दिर निर्माण तथा पदमार्ग निर्माण

धन्यवाद !